# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५०) काठमाडौं, कात्तिक २५ गते २०५७ साल (अतिरिक्ताङ्क ४१


## भाग ३

श्री ५ को सरकार

जनसंख्या तथा वातावरण मन्त्रालयको

### सूचना

श्री ५ को सरकारले वातावरण संरक्षण ऐन, २०५३ को दफा ७ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी काठमाडौं उपत्यका तथा काठमाडौं उपत्यका वाहिरका उपमहानगरपालिका एवं नगरपालिकाहरुमा वढ्दै गईरहेको सवारी साधनहरुवाट हुने वायू प्रदूषणले वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पारिरहेको देखिएकोले सो समस्यालाई क्रमशः निराकरण गर्दै लैजाने उद्देश्यले देहाय बमोजिमको व्यवस्था गरेको छः

१. हाल काठमाडौं उपत्यकामा संचालनमा रहेका सन् १९८० र सोभन्दा पहिलेका मोडेलका (सन् १९८० र सो भन्दा पहिले निर्मित वा उत्पादित) डिजेल वा पेट्रोलबाट चल्ने सरकारी, संस्थानहरुका, निजी एवं भाडाका वस, मिनीबस, मिनीट्रक, मोवाइल ट्रक,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

ट्याङ्कर, भ्यान र ट्याक्सीहरु मिति २०५८ मार्ग १ गतेदेखि काठमाडौं उपत्यकाभित्र सञ्चालन गर्न पूर्ण प्रतिबन्ध लगाउने र यस प्रकारका सवारी साधनहरुको उपत्यकाभित्र नयाँ दर्तामा तत्काल लागु हुने गरी प्रतिबन्ध लगाउने ।

२. हाल काठमाडौं उपत्यकामा संचालनमा रहेका सरकारी, संस्थानहरुका, निजी एवं भाडाका दुई स्ट्रोक इन्जिन भएका पेट्रोल वा ग्याँसबाट चल्ने तीन पाङ्ग्रे सवारी साधनहरु मिति २०५८ मार्ग १ गतेदेखि काठमाडौं उपत्यकाभित्र संचालन गर्न पूर्ण प्रतिबन्ध लगाउने ।

३. श्री ५ को सरकारको मिति २०५६ भदौ १४ को निर्णयानुसार आ.ब. २०५६।५७ मा काठमाडौं उपत्यकाबाट दर्ता खारेज गरी विस्थापित गरिएका डिजेलबाट चल्ने तीन पाङ्ग्रे सवारी साधनहरुको तथा उपत्यका बाहिर सो मिति भन्दा पहिलेदेखि नै संचालनमा रहेका डिजेलवाट चल्ने अन्य तीन पाङ्ग्रे सवारी साधनहरुको समेत मिति २०५८ श्रावण १ गतेदेखि नेपाल अधिराज्यका सबै उप-महानगरपालिका तथा नगरपालिकाभित्र सञ्चालन गर्न पूर्ण प्रतिबन्ध लगाउने ।

आज्ञाले,

डा. गोविन्द राज भट्ट

श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।